# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, असोज २ गते २०५७ साल (अतिरिक्ताङ्क ३५

## भाग ३

### श्री ५ को सरकार

### रक्षा मन्त्रालयको सूचना

### शाही नेपाली सेना, लेखा समूह (गठन, नियुक्ति र बढुवा) नियमावली, २०५७

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "शाही नेपाली सेना, लेखा समूह (गठन, नियुक्ति र बढुवा) नियमावली, २०५७" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले सैनिक ऐन, २०१६ सम्झनु पर्छ ।

(ख) "सेवा" भन्नाले सैनिक ऐन, २०१६ अन्तर्गतका सेवा सम्झनु पर्छ ।

(ग) "समूह" भन्नाले शाही नेपाली सेना अन्तर्गत लेखा सम्बन्धी काम गर्ने सैनिक कर्मचारीको समूह सम्झनु पर्छ ।

(घ) "विभागीय प्रमुख" भन्नाले आर्थिक प्रशासन विभागको उपरथी सम्झनु पर्छ ।

३. समूह रहनेः शाही नेपाली सेनामा लेखा सम्बन्धी कामका लागि लेखा समूह नामको एक समूह रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

205

४. समूहमा रहने पद: समूहमा अनुसूची -१ बमोजिमका पदहरु रहनेछन् । श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

५. नियुक्तिको लागि योग्यता: सैनिक ऐन, २०१६ र सो ऐन अन्तर्गत बनेका नियमावली बमोजिम अयोग्य नभएका व्यक्तिहरु नियुक्तिको लागि योग्य हुन सक्नेछन् ।

६. समूहिकृत हुने: (१) यी नियमहरु प्रारम्भ हुँदाका बखत शाही नेपाली सेनाको विभिन्न पदमा रही लेखा सम्बन्धी काममा कार्यरत सैनिक कर्मचारीहरु लेखा समूहमा स्वत: समूहिकृत हुनेछन् ।

(२) उपनियम (१) बमोजिम समूहिकृत गर्दा सो समूहमा कर्मचारीहरु पर्याप्त नभएमा यो नियमावली लागू भएको पैंतालीस दिनभित्र लेखा सम्बन्धी तालीम लिईसके पछि दुई वर्षको अनुभव भएका कर्मचारीहरु मध्येबाट अधिकृतको लागि सैनिक सचिव विभागले र पदीक वर्गको लागि कार्यरथी विभाग (संगठन) ले लेखा समूहमा समूहिकृत गर्न सक्नेछन् ।

७. रिक्त पदको पूर्ति: समूहका रिक्त पदको पूर्ति देहाय बमोजिम गरिनेछ :-

| | पद | खुल्ला प्रतियोगिताद्वारा | बढुवाद्वारा | सेवा भित्रबाट |
|---|---|---|---|---|
| (क) | जमदार | ७५% | x | २५% |
| (ख) | सुवेदार | x | १००% | x |
| (ग) | सहायक सेनानी | ५०% | ४०% | १०% |
| (घ) | उपसेनानी | x | १००% | x |
| (ङ) | सहसेनानी | x | १००% | x |
| (च) | सेनानी | x | १००% | x |
| (छ) | प्रमुख सेनानी | x | १००% | x |
| (ज) | महासेनानी | x | १००% | x |
| (झ) | सहायक रथी | x | १००% | x |
| (ञ) | उपरथी | x | १००% | x |

८. नयाँ नियुक्ति: नियम ५ बमोजिमको योग्यता पुगेका र देहाय बमोजिमको शैक्षिक योग्यता भएका व्यक्ति समूहको देहायको पदमा नियुक्तिको लागि योग्य मानिनेछ :-

(क) जमदार पदको लागि प्रवेशिका (एस. एल. सी.) परीक्षा उतीर्ण गरेको,

(ख) सहायक सेनानी पदको लागि भर्ना हुने सालको बैशाख १ गते अठार वर्ष पूरा भई एक्काईस वर्ष ननाघेको र मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य शास्त्र वा व्यवस्थापन विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण भएको वा सोही विषयमा स्नातक उत्तिर्ण गरेकाको हकमा चौबीस वर्ष ननाघेको ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
290

९. सरुवा तथा काज: (१) समूहमा कार्यरत सैनिक कर्मचारीलाई आर्थिक कारोबार सम्बन्धी काममा लगाईनेछ ।

(२) समूहमा कार्यरत सैनिक कर्मचारीलाई सरुवा गर्नु पर्दा समूह भित्र मात्र गरिनेछ ।

(३) उपनियम (२) बमोजिम सैनिक कर्मचारीको सरुवा गर्दा विभागीय प्रमुखको स्वीकृति लिएर मात्र गरिनेछ ।

(४) लेखा सम्बन्धी कार्यमा समूह भन्दा बाहिरका सैनिक कर्मचारीलाई सरुवा गर्न र काज खटाउन पाइने छैन ।

१०. बढुवा: (१) समूहका सैनिक कर्मचारीहरुको बढुवा समूहभित्र मात्र हुनेछ ।

(२) बढुवाको लागि उम्मेदवार हुन शाही नेपाली सैनिक नियुक्ति, प्रमोशन र अरु विविध व्यवस्था साधारण नियमहरु, २०२० मा तोके बमोजिमको सेवा अवधि पूरा भई लेखा सम्बन्धी आवश्यक तालीम प्राप्त गरेको हुनु पर्नेछ । तर जमदारबाट सुवेदार हुन चार वर्षको सेवा अवधि पूरा भएको हुनु पर्नेछ ।

११. विभागीय प्रमुख: (१) सैनिक सेवा भित्र एक आर्थिक प्रशासन विभाग रहनेछ ।

(२) आर्थिक प्रशासन विभागको प्रमुखको रुपमा उपरथी दर्जाको विभागीय प्रमुख रहनेछ र निजले प्रधान सेनापतिको मातहत र निर्देशनमा रही समूहको सम्पूर्ण प्रशासनिक जिम्मेवारी तथा जवाफदेही बहन गर्नु पर्नेछ ।

१२. सेवाका शर्त तथा सुविधा: लेखा समूहका कर्मचारीको सेवाका शर्त तथा सुविधा शाही नेपाली सेनाका लागि तोकिएको सेवाका शर्त तथा सुविधा बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची -१

(नियम ४ सँग सम्बन्धित)

**समूहमा रहने पदको नाम**

१. अधिकृत

(क) उपरथी

(ख) सहायक रथी

(ग) महासेनानी

(घ) प्रमुख सेनानी

(ङ) सेनानी

(च) सहसेनानी

(छ) उपसेनानी

(ज) सहायक सेनानी

२. पदिक

(क) सुवेदार

(ख) जमदार

आज्ञाले,

केशव राजराजभण्डारी

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित

आधिकारिक ... गरिएपछि मात्र लागु हुनेछ।

292